# कृषि, पशुपन्छी तथा जडिबुटी बीमा निर्देशिका, २०७९

**प्रस्तावनाः** कृषि, पशुपन्छी तथा जडिबुटी क्षेत्रमा हुने जोखिमलाई बीमाको माध्यमबाट न्यूनीकरण गरी बीमा प्रवर्द्धन गर्न वाञ्छनीय भएकोले,

बीमा ऐन, २०४९ को दफा ८ को खण्ड (घ२) ले दिएको अधिकार प्रयोग गरी बीमा समितिले देहायको निर्देशिका जारी गरेको छ।

परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "**कृषि, पशुपन्छी तथा जडीबुटी बीमा निर्देशिका, २०७९**" रहेको छ।

(२) यो निर्देशिका वि.सं. २०७९ साल साउन १ गतेबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) **"अनुदान"** भन्नाले यस निर्देशिका अनुसार जारी हुने बीमालेखको बीमाशुल्कमा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारले उपलब्ध गराउने अनुदान रकमलाई सम्झनु पर्छ।

(ख) **"एकाघरको परिवार"** भन्नाले सम्बन्धित व्यक्तिको पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा तथा निज आफूले पालन पोषण गर्नुपर्ने दाजु, भाई र दिदी, बहिनी सम्झनु पर्छ।

(ग) **"कृषि बीमा"** भन्नाले नेपाल सरकार वा सम्बन्धित निकायले कृषि उपजमा पर्ने भनी निर्धारण गरेका वस्तुहरुको बीमालाई सम्झनु पर्छ।

(घ) **"कृषि विज्ञान"** भन्नाले मान्यताप्राप्त शिक्षण संस्थामा अध्ययन, अध्यापन हुने कृषि सम्बन्धी विषय सम्झनु पर्छ।

(ङ) **"कृषि, पशुपन्छी तथा जडिबुटी बीमा अभिकर्ता"** भन्नाले कृषि, पशुपन्छी तथा जडिबुटी बीमा सम्बन्धी काम गर्न समितिबाट इजाजतपत्र प्राप्त निर्जीवन बीमा अभिकर्ता (व्यक्ति वा संस्था) सम्झनु पर्छ।

(च) **"जडिबुटी बीमा"** भन्नाले नेपाल सरकार वा सम्बन्धित निकायले जडिबुटी वा वनमा पर्ने भनी निर्धारण गरेका वस्तुहरूको बीमालाई सम्झनु पर्छ।

(छ) **"दावी"** भन्नाले बीमा गरिएको वस्तुको क्षतिबापत् बीमितद्वारा माग गरिएको क्षतिपूर्ति रकम सम्झनु पर्छ।

(ज) **"नजिकको नातेदार"** भन्नाले एकाघर वा सगोलको अंशियार वा दाजु, भाउजु, सासु, ससुरा, भाई, भाई बुहारी, दिदी, भिनाजु, बहिनी, बहिनी ज्वाईं, साला, साला बुहारी,

साली, जेठान, साढुदाई, साढुभाई, नन्द, आमाजु, जेठी सासु, काका, काकी, मामा, माईजू, छोरा, बुहारी, छोरी, छोरी ज्वाईं, नातिनी, नातिनी बुहारी, नातिनी ज्वाईं, भाञ्जा, भाञ्जी, भाञ्जी ज्वाईं, फुपू र फुपाजु सम्झनु पर्छ।

(झ) "**नियमावली**" भन्नाले बीमा नियमावली, २०४९ सम्झनु पर्छ।

(ञ) "**पशु विज्ञान**" भन्नाले मान्यताप्राप्त शिक्षण संस्थामा अध्ययन, अध्यापन हुने पशुपन्छी सम्बन्धी विषय सम्झनु पर्छ।

(ट) "**पशुपन्छी बीमा**" भन्नाले नेपाल सरकार वा सम्बन्धित निकायले पशुपन्छीमा पर्ने भनी निर्धारण गरेका वस्तुहरुको बीमालाई सम्झनु पर्छ।

(ठ) "**प्राविधिक जाँच सिफारिस**" भन्नाले बीमा गर्न प्रस्तावित कृषि, पशुपन्छी तथा जडिबुटि बीमायोग्य छ वा छैन भनी प्राविधिकद्वारा जाँच गरी सिफारिस गर्ने कार्य सम्झनु पर्छ।

(ड) "**प्राविधिक**" भन्नाले देहायको व्यक्ति सम्झनु पर्छः

(१) एस.एल.सी. वा सो सरहको परीक्षा उत्तिर्ण गरी कृषि वा पशु वा वनस्पति विज्ञानमा कम्तीमा एक वर्षको तालिम प्राप्त गरेको, वा

(२) कृषि वा पशु वा वनस्पति विज्ञान विषय लिई टी.एस.एल.सी. उत्तीर्ण गरेको, वा

(३) प्राविधिक विषय जस्तै कृषि वा पशु वा वनस्पति विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण गरेको, वा

(४) कृषि वा पशु वा वनस्पति विज्ञानमा सोभन्दा माथिल्लो योग्यता प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ढ) "**बीमा अवधि**" भन्नाले बीमालेखमा उल्लेख भए अनुसार रक्षावरणको अवधि वा बीमालेखको अवधि सम्झनु पर्छ।

(ण) "**बीमा गरिने वस्तु**" भन्नाले बीमालेखको तालिकामा उल्लेख भए अनुसारको कृषि, पशुपन्छी तथा जडिबुटि सम्झनु पर्छ।

(त) "**बीमाङ्क**" भन्नाले रक्षावरण गरिएको रकम सम्झनु पर्छ।

(थ) "**बीमालेख**" भन्नाले यस निर्देशिका बमोजिम जारी गरिने बीमालेख सम्झनु पर्छ।

(द) "**बीमाशुल्क**" भन्नाले बीमा गरेबापत् बीमितले बीमकलाई बुझाउनु पर्ने रकम सम्झनु पर्छ।

(ध) "**बीमित**" भन्नाले बीमा गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(न) "**महाविपत्ति**" भन्नाले एक घटनाबाट सिर्जित भई व्यापक रूपमा असर पार्ने विनासकारी क्षति, जस्तैः महामारी, भकूम्प, सनुामी, आँधी, हावाहुरी जस्ता प्राकृतिक प्रकोप आदि सम्झनु पर्छ।

(ऩ) "**मूलभूत विवरण**" भन्नाले बीमा गरिएको वस्तुको जोखिमलाई फरक पार्न सक्ने महत्वपूर्ण विवरण सम्झनु पर्छ।

(प) **"रक्षावरण"** भन्नाले बीमा गरिएको वस्तुको क्षतिको क्षतिपूर्ति प्रदान गर्नको लागि मञ्जुर गरेको अवस्था सम्झनु पर्छ।

(फ) **"वनस्पति विज्ञान"** भन्नाले मान्यता प्राप्त शिक्षण संस्थामा अध्ययन, अध्यापन हुने वनस्पति, जडिबुटी तथा वनसंग सम्बन्धित बिषय सम्झनु पर्छ।

(ब) **"सङ्केत पट्टा"** भन्नाले बीमा गरिएको वस्तुलाई पहिचान गर्ने उद्देश्यले प्राविधिकले लगाई दिने पहिचान खुल्ने सङ्केत वा प्रतिक चिन्ह; जस्तैः ट्याग, चिप्स, माइक्रो चिप्स, सील, क्यूआर कोड, बारकोड, आरएफ कोड आदि सम्झनु पर्छ।

(भ) **"समानुपातिक दर"** भन्नाले वार्षिक बीमादरको अनुपातमा तोकिएको निश्चित अवधिको लागि लाग्ने बीमादर सम्झनु पर्छ।

(म) "**समिति**" भन्नाले बीमा ऐन, २०४९ को दफा ३ बमोजिम गठित बीमा समिति सम्झनु पर्छ।

(य) "**स्वास्थ्य परीक्षण"** भन्नाले बीमा गर्न प्रस्तावित पशुपन्छी बीमायोग्य छ वा छैन भनी प्राविधिकद्वारा परीक्षण गर्ने कार्यलाई सम्झनु पर्छ।

(र) **"क्षति"** भन्नाले कुनै घटना घटी वा विपत्ति परी वा रोग वा किरा लागी बीमा गरिएको वस्तुको हानी वा नोक्सानी भई, बिग्रिई, मृत्यु भई वा नष्ट वा नाश भई हुने आर्थिक नोक्सानी सम्झनु पर्छ।

(ऱ) **"क्षतिपूर्ति"** भन्नाले बीमालेखमा उल्लेख भए अनुरूप बीमकले बीमितलाई प्रदान गर्ने दावी बापतको रकम सम्झनु पर्छ।

(ल) "**क्षति मूल्याङ्कनकर्ता**" भन्नाले यस निर्देशिकाको अधीनमा रही जारी भएका बीमालेखमा हुने क्षतिको मूल्याङ्कन गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ।

(ळ) "**क्षति मूल्याङ्कन प्रतिवेदन"** भन्नाले यस निर्देशिकाको अधीनमा रही बीमक वा क्षति मूल्याङ्कनकर्ताले बीमा गरिएको वस्तुको मृत्यु, क्षति, नष्ट वा नाश भई निश्चित रकम बराबरको आर्थिक नोक्सानी भएको भनी यकिन गरी दिएको प्रतिवेदनलाई सम्झनु पर्छ।

## परिच्छेद –२

## **कृषि, पशुपन्छी तथा जडीबुटी बीमा व्यवसाय**

३. **कृषि, पशुपन्छी तथा जडीबुटी बीमा व्यवसाय गर्नुपर्नेः** (१) यो निर्देशिका प्रारम्भ भएपछि प्रत्येक निर्जीवन बीमा व्यवसाय गर्ने बीमकले यस निर्देशिकामा उल्लेख भए बमोजिमको कृषि, पशुपन्छी तथा जडिबुटी बीमा व्यवसाय गर्नु पर्नेछ।

(२) बीमकले **अनुसूची-१** बमोजिम तोकिएका जिल्लाहरूमा उपदफा (१) बमोजिमको बीमा व्यवसाय सञ्चालन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमका जिल्लाहरू समितिले आवश्यक ठानेमा थपघट वा हेरफेर गर्न सक्नेछ।

(४) बीमकले उपदफा (२) बमोजिम तोकिएका जिल्ला बाहेक अन्य जिल्लाहरूमा समेत कृषि, पशुपन्छी तथा जडिबुटीको बीमा व्यवसाय सञ्चालन गर्न सक्नेछ।

(५) बीमकले वार्षिक रूपमा बिक्री गर्ने कुल बीमालेखको संख्यामध्ये कम्तीमा ५ प्रतिशत बीमालेख कृषि, पशुपन्छी तथा जडिबुटी बीमालेख हुनु पर्नेछ।

(६) बीमकको आफूलाई तोकिएका जिल्लाहरूको शाखा कार्यालय, प्रदेश कृषि तथा पशुपन्छी विकास सम्बन्धी मन्त्रालय अन्तर्गतका जिल्लास्थित कार्यालय वा स्थानीय तह अन्तर्गत स्थापित कृषि ज्ञान केन्द्र वा कृषि तथा पशु सेवा कार्यालय नजिकको स्थानमा खोलिएको हुनुपर्नेछ।

४. **कृषि, पशुपन्छी तथा जडिबुटी बीमाको प्रकार** (१) कृषि, पशुपन्छी तथा जडिबुटी बीमाको प्रकार देहाय बमोजिम हुनेछन्;-

(क) कृषि बीमा,

(ख) पशुपन्छी बीमा, र

(ग) जडिबुटी बीमा

(२) उपदफा (१) बमोजिम पर्ने बीमाको प्रकार **अनुसूची-२** बमोजिम हुनेछ।

५. **कृषि, पशुपन्छी तथा जडिबुटी बीमालेखः** (१) बीमकले कृषि, पशुपन्छी तथा जडिबुटी बीमा व्यवसाय गर्दा अनुदान प्राप्त नहुने बीमाको हकमा पूरै रकम र अनुदान प्राप्त हुने बीमाको हकमा अनुदानबाट प्राप्त हुने रकम बाहेक बाँकी रकम प्राप्त गरेपश्चात मात्र बीमालेख जारी गर्नु पर्नेछ।

(२) बीमालेखमा उपलब्ध हुने अनुदानको प्रतिशत र कुन बीमालेखमा अनुदान प्रदान गर्ने भन्ने कुरा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ।

(३) नेपाल सरकारका अतिरिक्त प्रदेश सरकार वा स्थानीय तहले समेत अनुदान उपलब्ध गराएको बीमितको हकमा सो बमोजिमको अनुदान समेत प्रदान गरिनेछ।

(४) यस दफा बमोजिमको अनुदानको भुक्तानी सम्बन्धी कार्यविधि नेपाल सरकारले अनुदान उपलब्ध गराएको हकमा नेपाल सरकारले, प्रदेश सरकारले अनुदान उपलब्ध गराएको हकमा प्रदेश सरकारले र स्थानीय तहले अनुदान उपलब्ध गराएको हकमा स्थानीय तहले समितिको समन्वयमा निर्धारण गरे बमोजिम हुनेछ।

(५) कृषि, पशुपन्छी तथा जडिबुटी बीमा सम्बन्धी बीमालेख तयार तथा संशोधन गरी समिति समक्ष सिफारिस गर्नका लागि समितिको संचालक समितिको एकजना संचालकको संयोजकत्वमा बीमालेख सङ्ग सम्बन्धित मन्त्रालय र विभागका एक एक जना प्रतिनिधि, बीमक संघका एक जना प्रतिनिधि सहित

सम्बन्धित विभागका प्रमुख सदस्य र समितिका कार्यकारी निर्देशक सदस्य सचिव रहने गरी एक उपसमिति रहनेछ।

६. **कानूनले निषेध गरेको बाहेक अन्यको लागि बीमालेख जारी गर्न सकिने:** (१) प्रचलित कानूनले निषेध गरेको बाहेकको लागि कृषि, पशुपन्छी तथा जडिबुटी बीमालेख जारी गर्न सकिनेछ।

(२) यस निर्देशिका बमोजिम बीमा गर्नको लागि आयातित पशुपन्छीको हकमा क्वारेन्टिन जाँचपास गरेको र आयातित कृषि उपज र जडिबुटीको हकमा प्रचलित कानून बमोजिमको क्वारेन्टिन सहित फाइटोस्यानिटरी प्रमाणपत्र प्राप्त गरेको हुनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम बीमकले यस निर्देशिका बमोजिम जारी भएका कृषि, पशुपन्छी तथा जडिबुटी बीमालेख बाहेक अन्य कृषि, पशुपन्छी तथा जडिबुटि सम्बन्धी बीमालेख जारी गर्न चाहेमा त्यस्तो बीमाको प्रकार, लक्षित क्षेत्र, वर्ग वा पेशा, व्यवसायहरूको विवरण तथा त्यस्तो बीमाको जोखिम धारण हुने गरी बीमा योजना (स्किम) संलग्न गरी स्वीकृतिको लागि समिति समक्ष निवेदन दिन सक्नेछ।

(४) उपदफा (३) बमोजिम परेको निवेदन छानविन गर्दा त्यस्तो बीमालेख जारी गर्न उपयुक्त देखिएमा समितिले आवश्यक शर्त समेत तोकी त्यस्तो बीमालेख स्वीकृति दिन सक्नेछ।

(५) यस निर्देशन बमोजिम बीमक आफैले तयार गरी समितिको स्वीकृतिमा जारी गरेको बीमालेखको हकमा अनुदान प्राप्त हुने छैन।

## परिच्छेद-३

## कृषि, पशुपन्छी तथा जडिबुटी बीमालेख

७. **बीमा करार:** (१) बीमकले यस निर्देशिका बमोजिम जारी गरेको बीमालेख बीमक तथा बीमित बीचको द्विपक्षीय करार हुनेछ।

(२) बीमालेखमा उल्लेख भएका शर्त ब्यवस्था लगायत सम्पूर्ण प्रावधान बीमक तथा बीमित दुवैले पालना गर्नु पर्नेछ।

८. **बीमालेखको अवधि:** (१) बीमालेखको अवधि बीमालेखमा उल्लेख भए अनुसार हुनेछ।

(२) बीमालेख जारी गर्दा बीमालेख जारी भएको समय तथा जोखिम प्रारम्भ हुने मिति (घण्टा र मिनेट सहित) उल्लेख गर्नु पर्नेछ।

(३) बीमालेखमा नै उल्लेख गरी बीमा जारी हुने मिति र जोखिम प्रारम्भ हुने मिति फरक हुने व्यवस्था गरिएको बाहेकका बीमालेखहरू बीमा जारी भएको मिति र जोखिम प्रारम्भ भएको मिति फरक हुने गरी जारी गर्न पाइने छैन।

(४) बीमालेखमा उल्लेख भएको बीमा समाप्त हुने दिनको मध्यरात बाह्र बजे बीमा अवधि समाप्त हुनेछ।

९. **छोटो अवधिको बीमाः** (१) बीमकले अनुदान प्राप्त नहुने बीमालेखको हकमा छोटो अवधिको लागि बीमालेख जारी गर्न सक्नेछ।

(२) छोटो अवधिको बीमालेख एक पटक जारी भैसकेपछि पुनः समय बढाउन पाइने छैन।

(३) छोटो अवधिको लागि बीमाशुल्क गणना गर्दा समानुपातिक हिसाबमा गणना गर्नु पर्नेछ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान प्राप्त हुने कुनै पनि बीमालेख छोटो अवधिका लागि जारी गर्न पाइने छैन।

**स्पष्टिकरणः** यस दफाको प्रयोजनको लागि छोटो अवधिको बीमा भन्नाले सम्बन्धित बीमालेखमा उल्लेख भएको पूरा अवधि भन्दा कम अवधिको बीमा सम्झनु पर्छ।

१०. **सामूहिक बीमाः** (१) कृषि, पशुपन्छी तथा जडिबुटी बीमा सामूहिक रूपमा गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम सामूहिक बीमालेख जारी गर्दा बीमालेख धारक संस्थाले प्रत्येक बीमित किसानको छुट्टा छुट्टै प्रस्ताव फाराम भर्नु पर्नेछ।

(३) सामूहिक बीमा गर्ने प्रयोजनका लागि मात्र संस्था वा समूह गठन गर्न पाइने छैन।

११. **अन्य बीमालेख जारी गर्न नपाइनेः** (१) बीमकले यस निर्देशिका बमोजिम र समितिबाट स्वीकृति लिई जारी भएका कृषि, पशुपन्छी तथा जडिबुटी बीमालेख बाहेक अन्य बीमालेख बिक्री गर्न पाउने छैन।

(२) यस निर्देशिका बमोजिम जारी भएका कृषि, पशुपन्छी तथा जडिबुटी बीमालेखको अन्तरवस्तु (कन्टेन्ट), शब्दावली, बीमालेखहरूको शर्त तथा सुविधाहरु तथा अन्य कुरा समितिले तोकिदिए बमोजिम हुनेछ।

१२. **बीमायोग्य हित कायम हुनुपर्नेः** (१) बीमा गरिने वस्तुमा बीमितको बीमायोग्य हित रहेको हुनु पर्नेछ।

(२) बीमा प्रस्ताव फाराममा बीमितले सम्पूर्ण विवरणहरू स्पष्ट र यथार्थपरक रूपमा भरेको यकिन गर्नु पर्दछ।

(३) प्रस्ताव फाराम पूरा भरेको हुनुपर्नेछ र भर्नुपर्ने कुनै ठाँउ बीमितको लागि सान्दर्भिक नहुने भएमा अ.प्रा. (अप्रासंगिक) वा अंग्रेजीमा एन/ए (नट एप्लिकेवल) लेख्नु पर्नेछ।

(४) पूरा नभरेको फारामको आधारमा बीमालेख जारी गर्न पाइने छैन।

(५) "मोटामोटी" वा "अन्दाजी" जस्ता अनिश्चयात्मक शब्द राखी बीमालेख जारी गर्न पाइने छैन।

१३. **फोटो तथा भिडियो क्लिप राख्नु पर्ने:** (१) बीमकले बीमालेख जारी गर्नु अघि बीमा गरिएको वस्तु समेटिएको विभिन्न कोणबाट खिचिएको स्थिर फोटो कम्तीमा पाँच वटा र कम्तीमा एक मिनेट सम्मको भिडियो क्लिप प्रस्ताव फारामसँगै प्राप्त गरेको हुनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्राविधिक जाँच सिफारिस गर्ने समयमा फोटो तथा भिडियो प्राविधिक आफैंले खिचेको हुनुपर्नेछ।

१४. **बीमाङ्क कायम गर्ने:** (१) पशुपन्छीको हकमा बीमालेखमा उल्लेख भएको हकमा बीमालेख बमोजिम र अन्यको हकमा बजार मूल्य, बीजक मूल्य र स्थानीय चलनचल्तीको मूल्यलाई आधार लिई आपसी सहमतिको आधारमा बीमाङ्क कायम गर्नु पर्नेछ।

(२) बीमालेखमा उल्लेख भएको हकमा बीमालेख बमोजिम र अन्यको हकमा नेपाल सरकार वा प्रदेश सरकारको बिषयगत कार्यालय वा कृषि तथा पशुपन्छी विकास मन्त्रालय वा सम्बन्धित उत्पादक संघ, संस्था वा बोर्डले उपलब्ध गराएको (साविकको बजार अनुसन्धान तथा तथ्याङ्क कार्यक्रम) लागत अनुमानको आधारमा बीमाङ्क रकम कायम गरिनेछ।

(३) कृषि उपजको लागतको आधारमा बीमाङ् रकम कायम गर्दा बीमा समितिद्वारा सातै प्रदेशका भौगोलिक क्षेत्रहरुमा लागाइने बालीहरुको खेती गर्दा लाग्ने लागत खर्च तथा उत्पादित वस्तुहरुको कृषक थलो मूल्य तयार नहुन्जेल कृषि तथा पशुपन्छी विकास मन्त्रालयले उपलब्ध गराएको (साविकको बजार अनुसन्धान तथा तथ्याङ्क कार्यक्रम) लागत अनुमानको आधारमा बीमाङ्क रकम कायम गर्नु पर्नेछ।

१५. **बीमादर अनुसार बीमाशुल्क लिनुपर्ने:** (१) बीमालेखमा उल्लेख गरिएको बीमादरको आधारमा बीमाशुल्क गणना गर्नु पर्नेछ।

(२) बीमालेख अनुसारको बीमाशुल्कमा कुनै पनि प्रकारको छुट वा सहुलियत दिन वा कटौति गर्न पाइने छैन।

(३) बीमालेखमा बीमाशुल्क गणना गर्दा हुन आउने कूल बीमाशुल्क रकममा अतिरिक्त रकम लिन पाइने छैन।

(४) तर, बीमा अभिकर्ताको प्रयोग नगरी सिधै बीमालेख बिक्री (प्रत्यक्ष बीमा) गरिएको अवस्थामा कूल बीमा शुल्क गणना गरे पश्चात पाँच (५) प्रतिशतका दरले हुन आउने रकम छुट प्रदान गर्नु पर्नेछ।

१६. **बीमाङ्क परिवर्तन:** (१) बीमालेख जारी भैसकेपश्चात बीमाङ्क रकम परिवर्तन गर्न पाइने छैन।

(२) कुनै बीमितको बीमा गरिएको वस्तुमा बीमा अवधि भित्र बीमा गर्नु पर्ने वस्तु थप गर्नु परेमा त्यसरी थप गरिने वस्तुको लागि छुट्टै बीमालेख जारी गर्नु पर्नेछ।

१७. **बीमालेख पुनर्स्थापना गर्न नपाइने:** अनुदान प्राप्त हुने बीमालेख अन्तर्गत दावी पश्चात उक्त बीमालेख पुनर्स्थापना गर्न पाइने छैन।

तर, अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान प्राप्त नहुने बीमालेखमा दावी परेपछि बाँकी अवधिको लागि बीमितको इच्छानुसार समानुपातिक बीमाशुल्क लिई पुनर्स्थापना गर्न सकिनेछ।

१८. **बीमा अस्वीकार गर्न नपाइने:** (१) बीमकले आफूलाई तोकिएको जिल्लामा आफूलाई प्राप्त कृषि, पशुपन्छी तथा जडिबुटी बीमाको प्रस्ताव अस्वीकार गर्न पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीमितले पेश गरेको प्रस्तावित बीमा सम्बन्धी प्रस्ताव फाराम तथा संलग्न कागजातहरूको अध्ययन गर्दा जालसाजी हुने देखिएमा बीमकले समितिलाई लिखित जानकारी गराई उक्त बीमा प्रस्ताव अस्वीकार गर्न सकिनेछ।

(३) उपदफा (१) अनुसार बीमितले प्रक्रियागत रुपमा आवश्यक कागजात र चाहिने बीमाशुल्क सहितको बीमा प्रस्ताव बीमकलाई बुझाउँदा बीमालेख जारी गर्न असहयोग गरेमा वा ढिला सुस्ती गरेमा वा नमानेमा बीमा समितिमा उजुरी गर्न सकिनेछ।

१९. **बीमालेख रद्द गर्न सकिने:** (१) देहायको अवस्थामा बीमकले बीमालेख रद्द गर्न सक्नेछः

(क) बीमितले बीमालेखको शर्त उल्लंघन गरेको,
(ख) बीमाको मूलभूत विवरण ढाँटेको वा गलत ढंगले उल्लेख गरेको,
(ग) बीमा गरेको वस्तुलाई उचित स्याहार सम्भार नगरी गम्भीर लापरवाही गरेको,
(घ) बीमा गरेको वस्तु त्याग गरेको,
(ङ) गैरकानूनी तवरले बीमा गराएको,
(च) बीमायोग्य हित कायम नभएको।

(२) कुनै बीमितले उपदफा (१) बमोजिमको कुनै कार्य गरेको पाइएमा सोको प्रमाण समेत संलग्न गरी बीमालेख रद्द गर्न सक्नेछ।

तर, बीमालेख रद्द गर्नु अघि बीमकले बीमितलाई सात दिनको लिखित स्पष्टिकरणको मौका दिनु पर्नेछ।

(३) बीमकले उपदफा (२) बमोजिम बीमालेख रद्द गरेको प्रमाण सहित पन्ध्र दिन भित्र बीमा समितिमा जानकारी गराउनुपर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमितले अनुरोध गरेमा बीमकले बीमालेख रद्द गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम बीमालेख खारेज गर्दा अनुदान प्राप्त नहुने बीमितलाई बाँकी अवधिको समानुपातिक बीमाशुल्क फिर्ता गर्नु पर्नेछ र अनुदान प्राप्त हुने बीमितलाई कुनै रकम फिर्ता गर्नु पर्ने छैन।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि वास्तविक मूल्य भन्दा बढी रकमको बीमाङ्क कायम गरी बीमा गराएको भएमा त्यस्तो बीमालेख स्वतः रद्द हुनेछ र बीमकले सोको जानकारी समितिमा तुरून्त दिनु पर्नेछ।

२०. **अन्य बीमालेख लिनुपर्नेः** (१) बीमितले बीमालेखमा उल्लेख भएको बाहेक बीमा गरिने अन्य वस्तुको लागि निर्माण गरेको भौतिक संरचनाको छुट्टै बीमालेख लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको बीमा सम्बन्धी अन्य व्यवस्था सम्पत्ति बीमा निर्देशिका, २०७५ अनुसार हुनेछ र सो बमोजिम जारी हुने बीमालेखको लागि अनुदान प्राप्त हुने छैन।

परिच्छेद-४

## कृषि, पशुपन्छी तथा जडिबुटी बीमा मध्यस्थकर्ता

२१. **प्राविधिक जाँच सिफारिस पत्रः** (१) प्राविधिकले बीमालेख जारी गर्नु अघि बीमा गरिने वस्तुको निरोगिता वा स्वास्थ्य जाँच परीक्षणको आधारमा बीमा गरिने वस्तु बीमा गर्न योग्य छ वा छैन मूल्याङ्कन गरी बीमितलाई सिफारिस पत्र प्रदान गर्नु पर्दछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस सहितको प्रस्ताव फाराम प्राप्त नगरी बीमकले बीमालेख जारी गर्नु हुँदैन।

(३) प्राविधिकले देहायको काम गरे बापत बीमाशुल्कमा पाँच प्रतिशत पारिश्रमिक रकम प्राप्त गर्नेछः-

(क) कृषि, पशुपन्छी तथा जडिबुटी बीमालेख जारी गर्दा कृषि, पशुपन्छी तथा जडिबुटी प्राविधिकद्वारा प्राविधिक जाँच सिफारिस पत्र उपलब्ध गराए वापत,

(ख) बीमा गरिने बस्तुमा पहिचानका लागि संकेत वा प्रतिक चिन्ह; जस्तैः ट्याग, चिप्स, माइक्रो चिप्स, सिल, क्युआर कोड, बार कोड, आर एफ कोड आदि जडान गरे बापत र

(ग) यस निर्देशिका तथा सम्बन्धित बीमालेख अनुसार गर्नु पर्ने अन्य काम गरे बापत।

तर, बीमकको तलवी कर्मचारीको रूपमा कार्य गर्ने प्राविधिकले यस दफा (३) मा उल्लेख भए बमोजिमको काम गरे बापत कुनै पारिश्रमिक पाउने छैन।

(४) कुनै संस्थाले प्राविधिकको रूपमा कार्य गर्न चाहेमा देहाय बमोजिमको योग्यता पूरा गरेको हुनु पर्नेछः

(क) प्रचलित कानून बमोजिम दर्ता भएका कृषि, बनस्पति वा पशुपन्छी कार्यसँग सम्बन्धित फर्म वा कम्पनी हुनुपर्ने,

(ख) संस्थाको उद्देश्यमा कृषि, पशुपन्छी तथा जडिबुटी बीमाको प्राविधिक भई कार्य गर्ने भन्ने उल्लेख भएको हुनुपर्ने,

(ग) सँस्थाको कुनै एक जना सञ्चालक वा पदाधिकारी वा मुख्य व्यवस्थापक वा सँस्थाको कार्यकारी प्रमुख भई कार्य गर्ने व्यक्तिले यस निर्देशिकाको दफा २ को खण्ड (ड) बमोजिमको योग्यता पूरा गरेको हुनुपर्ने।

(५) प्राविधिकले बीमालेखमा उल्लेख भएको भए सोही बमोजिम र बीमालेखमा उल्लेख नभएको भए आफ्नो बिशेषज्ञता भएको बीमा (कृषि, पशुपन्छी तथा जडिबुटी) सम्बन्धी कार्य मात्र गर्न पाउनेछ।

(६) बीमालेख जारी भए पश्चात प्राविधिकले बीमा अवधि भित्र बीमा गर्न सिफारिस गरेको वस्तुको कम्तीमा एक पटक पुनः जाँच परीक्षण तथा निरीक्षण गरी सोको प्रतिवेदन बीमकलाई दिनु पर्नेछ र बीमकले उक्त जाँच परीक्षणको प्रतिवेदन समेत बीमालेखमा टाँस गरी राख्नु पर्नेछ।

(७) प्राविधिकले बीमालेख जारी भए पश्चात बीमा गरिएको वस्तुको उपदफा (६) बमोजिम पुनः जाँच परीक्षण गर्दा बीमितले शर्तहरू पूरा गरेको रहेनछ भने बीमालेख स्वतः रद्ध हुनेछ।

(८) प्राविधिकको रुपमा कार्य गर्ने व्यक्ति तथा संस्थाले कृषि, पशुपन्छी तथा जडिबुटी बीमामा अभिकर्ता भई कार्य गर्न पाउनेछ।

(९) उपदफा (८) मा जुनसुकै कुरा उल्लेख गरेको भए तापनि व्यक्तिगत तथा संस्थागत प्राविधिकले कृषि तथा पशुपन्छी बीमा अभिकर्ताको रुपमा कार्य गर्दा एउटै बीमालेखमा प्राविधिक र अभिकर्ता भई कार्य गर्न पाउने छैन।

(१०) प्राविधिकको रूपमा नियुक्त हुने व्यक्ति वा संस्थाले प्राविधिकको रूपमा जिम्मेवारी शुरू गर्नु अघि **अनुसूची-३** बमोजिमको ढाँचामा पद तथा गोपनीयताको सपथ लिनु पर्नेछ।

२२. **कृषि, पशुपन्छी तथा जडिबुटी प्राविधिकको काम तथा कर्तव्य:** (१) बीमा ऐन, बीमा नियमावली, निर्देशिका तथा समितिले समय समयमा दिएको आदेश समेतको अधीनमा रही कृषि, पशुपन्छी तथा जडिबुटी बीमा सम्बन्धी काम गर्ने प्राविधिकको काम, कर्तव्य देहाय बमोजिम हुनेछ:

(क) बीमा व्यवसायका आधारभूत सिद्धान्त अन्तर्गत रही बीमा गरिने वस्तुको निरोगिता वा स्वास्थ जाँच परीक्षणको आधारमा बीमा गर्न योग्य छ वा छैन मूल्याङ्कन गरी बीमितलाई प्राविधिक जाँच सिफारिस पत्र प्रदान गर्ने,

(ख) बीमा गरिने बस्तुमा पहिचानका लागि संकेत वा प्रतिक चिन्ह; जस्तै: ट्याग, चिप्स, माइक्रो चिप्स, सिल, क्युआर कोड, बार कोड, आर एफ कोड आदि जडान गरिदिने,

(ग) प्राविधिक सिफारिस गरे पश्चात बीमा गरिएको वस्तुको बीमा अवधि भित्र कम्तीमा एक पटक निरीक्षण तथा अनुगमन गर्ने र सोको प्रतिवेदन बीमकलाई दिनु पर्नेछ।

(घ) कृषकले आफ्नो फार्ममा रहेको पशु/वस्तु वा बालीको राम्रोसंग अभिलेख राखे नराखेको हेर्ने र नराखेको खण्डमा उचित सल्लाह दिएर अभिलेख राख्न सहयोग पुर्याउने।

(ङ) बीमा गरेका कृषकलाई कृषि, पशुपन्छी तथा जडिबुटी बीमा सम्बन्धी आवश्यक सल्लाह र सुझाव दिने।

(च) बीमामा क्षेत्रमा आएको नयाँ प्रबिधि/व्यवस्थाबारे कृषकलाई जानकारी दिने।

(छ) कृषि, पशुपन्छी तथा जडिबुटी बीमा सम्बन्धमा बीमकलाई बीमितको तर्फबाट यथार्थ तथा विस्तृत जानकारी गराउने।

२३. **प्राविधिकले गर्न नहुने कार्यः** (१) प्राविधिकले देहायका कार्य गर्न वा गराउन हुँदैनः-

(क) कुनै पनि बीमा गरिने वस्तुको गलत ढंगले निरोगिता वा स्वास्थ्य परीक्षण गर्न वा गर्न सघाउन वा गर्न लगाउन,

(ख) आफनो वा आफ्नो एकाघर परिवारको वा नजिकको नातेदारको बीमा गरिने वस्तुको निरोगिता वा स्वास्थ्य परीक्षण गर्न वा प्राविधिक परीक्षण गर्न,

(ग) गलत नियतले वा गलत तरिकाले बीमितलाई उक्साउन वा बीमा गराउन,

(घ) गलत ढंगले संकेत पट्टा लगाउन वा गलत बस्तुमा संकेत पट्टा लगाउन,

(ङ) बीमालेखमा उल्लेख गरिएको बीमाङ्क कायम गर्ने आधार भन्दा फरक हुने किसिमले सिफारिस गर्न,

(च) कृषि तथा पशुपन्छी बीमाबाट कुनै अनुचित लाभ लिन,

(च) प्राविधिकले कृषि, पशुपन्छी तथा जडिबुटी बीमाको प्राविधिक जाँच सिफारिस गर्दा बीमालेख लिनेको हकहित विरूद्ध हुने कुनै कार्य गर्न,

(छ) बीमा ऐन, बीमा नियमावली, निर्देशिका तथा बीमालेख बिपरित कुनै कार्य गर्न।

(२) उपदफा (१) मा उल्लेख गरिएको कुनै कार्य प्राविधिकले गरेको पाइएमा बीमकले सोको प्रमाण सहित समितिमा जानकारी गराउनु पर्नेछ र समितिले सम्बन्धित निकायमा कारवाहीको लागि लेखी पठाउन सक्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्य गर्ने प्राविधिकलाई कृषि, पशुपन्छी तथा जडिबुटी बीमा अभिकर्ता सम्बन्धी कार्यमा लगाउन पाइने छैन।

२४. **कृषि, पशुपन्छी तथा जडिबुटी बीमा अभिकर्ताः** (१) कृषि, पशुपन्छी तथा जडिबुटी बीमा अभिकर्ताको रूपमा कार्य गर्न चाहेमा प्राविधिकको योग्यता पुरा गरी **अनुसूची-४** बमोजिमको तालिम लिई समितिबाट बीमा अभिकर्ताको ईजाजतपत्र प्राप्त गरेको व्यक्ति वा सँस्थालाई बीमकले कृषि, पशुपन्छी तथा जडीबुटी बीमा अभिकर्ताको रुपमा कार्य गराउन सक्नेछ।

(२) कुनै सँस्थाले कृषि, पशुपन्छी तथा जडीबुटी बीमा अभिकर्ताको रूपमा कार्य गर्न चाहेमा देहाय बमोजिमको योग्यता पूरा गरेको हुनु पर्नेछः

(क) प्रचलित कानून बमोजिम दर्ता भएका कृषि, पशुपन्छी, जडिवुटी सम्बन्धी सहकारी संस्था वा कृषक समूह वा कृषि सम्बन्धी फर्म वा कम्पनी हुनुपर्ने,

(ख) सँस्थाको उद्देश्यमा कृषि, पशुपन्छी तथा जडीबुटी बीमा अभिकर्ता भई कार्य गर्ने भन्ने उल्लेख भएको हुनुपर्ने,

(ग) सँस्थाको कुनै एक जना सञ्चालक वा पदाधिकारी वा मुख्य व्यवस्थापक वा सँस्थाको कार्यकारी प्रमुख भई कार्य गर्ने व्यक्ति कृषि, पशुपन्छी तथा जडीबुटी बीमा सम्बन्धी तालिममा सहभागी भई प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने र उक्त व्यक्ति सो संस्थामा कार्यरत रहँदा सम्म मात्र उक्त संस्थाले अभिकर्ताको रूपमा कार्य गर्न पाउनेछ।

(घ) उपदफा २(ग) बमोजिम कृषि, पशुपन्छी तथा जडिबुटी बीमा अभिकर्ताको आधारभूत तालिममा सहभागी भई प्रमाणपत्र लिएको सञ्चालक वा प्रतिनिधिले आफू कार्यरत संस्थाका अन्य पदाधिकारी वा प्रतिनिधिलाई पुनः तालिम दिनु पर्नेछ।

(३) बीमकको कृषि, पशुपन्छी तथा जडिबुटी अभिकर्ताको रूपमा कार्य गर्ने व्यक्तिले अभिकर्ताको कार्य शुरू गर्नु अघि **अनुसूची-५** बमोजिमको ढाँचामा बीमक समक्ष पद तथा गोपनीयताको सपथ लिनु पर्नेछ।

२५. **कृषि, पशुपन्छी तथा जडीबुटी बीमा अभिकर्ताको आचारसंहिता:** कृषि, पशुपन्छी तथा जडीबुटी बीमा अभिकर्ताको आचारसंहिता **अनुसूची-६** बमोजिम हुनेछ।

२६. **कृषि, पशुपन्छी तथा जडीबुटी बीमा अभिकर्ताको काम तथा कर्तव्य:** (१) बीमा ऐन, बीमा नियमावली, निर्देशिका तथा समितिले समय समयमा दिएको आदेश समेतको अधीनमा रही कृषि, पशुपन्छी तथा जडीबुटी बीमा सम्बन्धी काम गर्ने बीमा अभिकर्ताको काम, कर्तव्य देहाय बमोजिम हुनेछ:

(क) बीमा व्यवसायका आधारभूत सिद्धान्त अन्तर्गत रही बीमकको तर्फबाट कृषि, पशुपन्छी तथा जडीबुटी बीमा सम्बन्धी कार्य गर्ने वा गराउने,

(ख) कृषि, पशुपन्छी तथा जडीबुटी बीमा सम्बन्धमा बीमितलाई बीमकको तर्फबाट यथार्थ तथा विस्तृत जानकारी गराउने,

(ग) कृषि, पशुपन्छी तथा जडीबुटी बीमाको प्रस्ताव फाराम भर्न लगाउने तथा भर्न सघाउने,

(घ) बीमितलाई कृषि, पशुपन्छी तथा जडीबुटी बीमालेख उपलब्ध गराउने,

(ङ) आवश्यकता अनुसार कृषि, पशुपन्छी तथा जडीबुटी बीमालेख नवीकरण गराइदिने,

(च) बीमितलाई दावी परेको बेला आवश्यक सहयोग गर्ने, र

(छ) कृषि, पशुपन्छी तथा जडीबुटी बीमा सम्बन्धमा समितिले तोकिदिएका अन्य कार्य गर्ने गराउने।

(२) कृषि, पशुपन्छी तथा जडीबुटी बीमा अभिकर्ताको अन्य योग्यता, काम, कर्तव्य र अधिकार सो सम्बन्धी अन्य व्यवस्था बीमा नियमावली, २०४९ अनुसार हुनेछ।

२७. **कमिशन:** कृषि, पशुपन्छी तथा जडीबुटी बीमा अभिकर्ताले कृषि, पशुपन्छी तथा जडीबुटी बीमा गराएमा बीमाशुल्क वापतको दश प्रतिशत कमिशन प्राप्त गर्नेछ।

२८. **क्षति मूल्याङ्कनकर्ता:** (१) कृषि, पशुपन्छी तथा जडिबुटी बीमा दावी अन्तर्गत दुर्घटना बीमा बाहेक कृषि, पशुपन्छी तथा जडिबुटि बीमाको बीमाङ्क रकम पाँच लाख रुपैंया सम्मको क्षतिको मूल्याङ्कन बीमक  आफैले र सो भन्दा बढीको क्षतिको मूल्याङ्कन क्षति मूल्याङ्कनकर्ताबाट गराउनु पर्नेछ।

(२) कृषि, पशुपन्छी तथा जडिबुटी बीमा दावी अन्तर्गत दुर्घटना बीमा, कृषि, पशुपन्छी तथा जडिबुटी बीमा बाहेक अन्य भौतिक सम्पत्तिको पाँच लाख रुपैंया सम्मको क्षति मूल्याङ्कन बीमक आफैले र सो भन्दा बढीको क्षति मूल्याङ्कन बीमा नियमावाली, २०४९ को नियम २७ बमोजिम इजापतपत्र प्राप्त बीमा सर्भेयरबाट गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम बीमकको क्षति मूल्याङ्कनकर्ताको रूपमा नियुक्त हुने व्यक्तिले पदको जिम्मेवारी शुरू गर्नु अघि **अनुसूची-७** बमोजिमको ढाँचामा बीमक समक्ष पद तथा गोपनीयताको सपथ लिनु पर्नेछ।

२९. **क्षति मूल्याङ्कनकर्ताको लागि योग्यता:** (१) क्षति मूल्याङ्कनकर्ताको योग्यता देहाय बमोजिम हुनेछ:

(क) नेपाली नागरिक,

(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि वा वनस्पति वा पशुपन्छी वा जडिबुटी सम्बन्धी बिषयमा कम्तीमा दश जोड दुई वा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

(ग) समिति वा समितिको स्वीकृति लिई बीमकले सञ्चालन गरेको क्षति मूल्याङ्कनकर्ता सम्बन्धी **अनुसूची-८** बमोजिमको तालिममा सहभागी भई प्रमाणपत्र प्राप्त गरेको।

(२) कुनै सँस्थाले क्षति मूल्याङ्कनकर्ताको रूपमा कार्य गर्न चाहेमा देहाय बमोजिमको योग्यता पूरा गरेको हुनु पर्नेछः

(क) प्रचलित कानून बमोजिम दर्ता भएका कृषि कार्यसँग सम्बन्धित फर्म वा कम्पनी हुनुपर्ने,

(ख) सँस्थाको उद्देश्यमा कृषि, पशुपन्छी तथा जडिबुटी बीमाको क्षति मूल्याङ्कनकर्ता भई कार्य गर्ने भन्ने उल्लेख भएको हुनुपर्ने,

(ग) सँस्थाको कुनै एक जना सञ्चालक वा पदाधिकारी वा मुख्य व्यवस्थापक वा सँस्थाको कार्यकारी प्रमुख भई कार्य गर्ने व्यक्तिले उपदफा (१) बमोजिमको योग्यता पूरा गरेको हुनुपर्ने।

(घ) यस उपदफाको खण्ड (ग) बमोजिम संस्थाको कुनै एक जना सञ्चालक वा पदाधिकारी वा मुख्य व्यवस्थापक वा सँस्थाको कार्यकारी प्रमुख भई कार्य गर्ने व्यक्तिले तालिममा सहभागी भए पश्चात आफ्नो संस्थाका अन्य पदाधिकारीहरूलाई पुनः तालिम दिनु पर्नेछ।

**३०. <u>क्षति मूल्याङ्कनकर्ताको काम तथा कर्तव्य:</u>** (१) क्षति मूल्याङ्कनकर्ताको काम तथा कर्तव्य देहाय बमोजिम हुनेछ :

(ङ) बीमा व्यवसायका आधारभूत सिद्धान्त अन्तर्गत रही कृषि, पशुपन्छी तथा जडिबुटी बीमाको क्षतिको मूल्याङ्कन गर्ने,

(च) घटना र वस्तुस्थिति बारे सत्य तथ्यमा आधारित मूल्याङ्कन प्रतिवेदन तयार गर्ने,

(छ) क्षति मूल्याङ्कनको सिलसिलामा आवश्यकतानुसार सम्बन्धित पेशागत विशेषज्ञको राय लिने,

(ज) क्षतिसँग सम्बन्धित सम्पूर्ण आवश्यक विवरणहरु स्पष्ट रूपमा खुलाई प्रतिवेदन तयार गरी बीमक समक्ष पेश गर्ने।

(झ) समितिले तोकिदिएका अन्य कार्य गर्ने गराउने।

(२) क्षति मूल्याङ्कनकर्ताले यस निर्देशिका बमोजिमको बीमा बाहेक अन्य बीमाको क्षतिको मूल्याङ्कन गर्न पाउने छैन।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पाँच लाख रूपैंया भन्दा कम रकमको दावीको हकमा बीमक आफैंले क्षति मूल्याङ्कन गर्न सक्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि बीमकले आवश्यक ठानेमा जुनसुकै अवस्थामा क्षति मूल्याङ्कनकर्ताको सहयोग लिन सक्नेछ।

(५) क्षति मूल्याङ्कनकर्ताको पारिश्रमिक बीमकले निर्धारण गरे बमोजिम हुनेछ।

(६) क्षति मूल्याङ्कनकर्ताले आफ्नो अध्ययन अथवा कार्य बिशेषज्ञता भएको (कृषि वा पशुपन्छी वा जडिबुटी) बीमाको मात्र क्षति मूल्याङ्कन गर्न पाउनेछ।

**३१. <u>कृषि, पशुपन्छी तथा जडिबुटी बीमा क्षति मूल्याङ्कनकर्ताले गर्न नहुने कार्य:</u>** (१) क्षति मूल्याङ्कनकर्ताले देहायका कार्य गर्न वा गराउन हुँदैन

(क) कुनै पनि बीमा गरी क्षति भएको वस्तुको गलत वा झुठो मूल्याङ्कन प्रतिवेदन तयार गर्न वा गर्न सघाउन,

(ख) बास्तविक क्षतिको मूल्याङ्कनलाई घटाउन वा बढाउन,

(ग) आफनो वा आफ्नो एकाघर परिवार वा आफ्नो नजिकको नातेदार वा आफु संलग्न भएको संस्था वा कम्पनीको बीमा गरिएको वस्तुको क्षति मूल्याङ्कन गर्न,

(घ) गलत नियतले वा गलत तरिकाले बीमितलाई उक्साउने वा दावी रकम घटबढ गर्ने कार्य गर्न,

(ङ) कृषि, पशुपन्छी तथा जडिबुटी बीमाबाट कुनै अनुचित लाभ लिन,

(घ) बीमालेख लिनेको हकहित विरूद्ध कुनै कार्य गर्न

(ङ) बीमा ऐन, बीमा नियमावली, निर्देशिका तथा बीमालेखमा बिपरित कुनै कार्य गर्न वा गराउन

(२) उपदफा (१) मा उल्लेख गरिएको कुनै कार्य क्षति मूल्याङ्कनकर्ताले गरेको पाइएमा बीमकले सोको प्रमाण सहित समितिमा जानकारी गराउनु पर्नेछ।

(३) कृषि, पशुपन्छी तथा जडिबुटी बीमा क्षति मूल्याङ्कनकर्ताले कृषि, पशुपन्छी तथा जडिबुटी बीमा प्राविधिक वा बीमा अभिकर्ताको रूपमा कार्य गर्न पाउने छैन।

३२. **क्षति मूल्याङ्कनकर्ताको आचारसंहिता:** क्षति मूल्याङ्कनकर्ताको आचारसंहिता **अनुसूची-९** मा उल्लेख गरिए बमोजिम हुनेछ।

३३. **बीमक जिम्मेवार हुने:** (१) बीमकको कुनै सञ्चालक, पदाधिकारी, कर्मचारी, कृषि, पशुपन्छी तथा जडिबुटी बीमा अभिकर्ता वा क्षति मूल्याङ्कनकर्ताले कृषि, पशुपन्छी तथा जडिबुटी बीमालेख लिनेको हकहित विरुद्ध कुनै काम गरी क्षति पुर्याएमा त्यसको जिम्मेवारी बीमकले लिनु पर्नेछ।

३४. **सूची तयार गर्नुपर्ने:** बीमकले आफूले काममा लगाउने कृषि प्रावधिक, कृषि, पशुपन्छी तथा जडिबुटी बीमा अभिकर्ता तथा कृषि क्षति मूल्याङ्कनकर्ताको **अनुसूची-१०** बमोजिमको सूची तयार गरी सर्वसाधारणको जानकारीको लागि आफ्नो वेभसाइटमा राख्नु पर्नेछ।

## परिच्छेद-५
## **बीमा दावी**

३५. **क्षतिको सूचना प्राप्त गर्नुपर्ने:** बीमा गरिएको वस्तु बीमा गरिएको जोखिमको कारणले क्षति भएको खण्डमा बीमालेखमा उल्लेख भएकोमा सोहि बमोजिम र अन्यको हकमा यथासम्भव छिटो वा क्षतिको प्रमाण नष्ट हुनु अगावै वा निरन्तर क्षति भइरहेको अवस्था भएमा त्यसरी क्षति भइरहेको अवधि भित्र बीमितले बीमकलाई टेलिफोन, फ्याक्स, इमेल, एसएमएस वा लिखित पत्र वा अन्य कुनै माध्यमबाट खबर वा जानकारी गराउनु पर्नेछ।

३६. **दावी सम्बन्धी प्रक्रियाको लागि आवश्यक कागजातहरू:** (१) बीमितबाट क्षतिको सूचना प्राप्त गरेपछि दावी भुक्तानी प्रक्रियाको लागि बीमकले बीमितसंग देहाय बमोजिमको कागजातहरू माग गर्नु पर्नेछः

(क) पूर्ण रूपले भरिएको दावी फाराम,

(ख) पूर्ण क्षतिको हकमा सक्कल बीमालेखको प्रति र आंशिक क्षतिको हकमा बीमालेखको छाँयाप्रति

(ग) सर्जमिन मुचुल्का (मुचुल्कामा कम्तीमा ५ जना व्यक्तिको हस्ताक्षर र हस्ताक्षर गर्ने सबैको नाम, थर, ठेगाना र सम्पर्क नम्बर समेत खुलेको हुनु पर्ने )

(घ) स्थानीय तहको वडा कार्यालयको पशुको हकमा पशु सेवा सम्बन्धी शाखा, कृषि तथा जडिबुटीको हकमा कृषि तथा जडिबुटी सम्बन्धी सेवा दिने शाखा र त्यस्तो सेवा दिने शाखा वडामा नभएको अवस्थामा वडा कार्यालयको सिफारिस ।

(ङ) सम्बन्धित बीमालेखमा उल्लेख भए बमोजिमको अद्यावधिक अभिलेखको प्रति ।

(२) दावी भुक्तानीका लागि बीमकले बीमालेख बमोजिमका अन्य आवश्यक कागजात माग गर्नुपर्ने भएमा उपदफा (१) बमोजिमका कागजातहरू संगै माग गर्नु पर्नेछ ।

३७. **दावी फछर्यौट:** (१) बीमकले आफू समक्ष परेको कृषि, पशुपन्छी तथा जडिबुटी बीमा दावीको तत्काल छानबिन प्रक्रिया प्रारम्भ गर्नु पर्नेछ ।

(२) बीमा दावी सम्बन्धी जानकारी वा सूचना प्राप्त भए पछि बीमकले दावी भुक्तानी प्रक्रिया पूरा गर्न बीमितलाई सहयोग गर्नु पर्दछ ।

(३) बीमकले उपदफा (१) बमोजिम कृषि, पशुपन्छी तथा जडिबुटी बीमाको दावी सम्बन्धी आवश्यक कागजात प्राप्त भएपछि (बीमक आफैंले क्षति मूल्याङ्कन गर्ने अवस्थामा बाहेक) बीमितले क्षतिको जानकारी दिएको बढीमा सात दिन भित्र क्षति मूल्याङ्कनकर्तालाई खटाउनु पर्नेछ ।

(४) कृषि, पशुपन्छी तथा जडिबुटी बीमा क्षति मूल्याङ्कनकर्ताले बीमा गरिएको वस्तुको क्षति स्पष्ट देखिने गरी विभिन्न कोणबाट आफैंले खिचेको कम्तीमा पाँच वटा फोटो र कम्तीमा एक मिनेटको भिडियो क्लिप क्षति मूल्याङ्कन प्रतिवेदनसङ्गै संलग्न गरेको हुनुपर्नेछ ।

तर क्षति मूल्याङ्कनकर्ताले परिस्थितिजन्य अवस्थामा क्षतिको फोटो र भिडियो क्लिप आफैले खिच्न नसकेको अवस्थामा बीमितले खिचेको सम्बन्धित क्षतिको कम्तीमा पाँच वटा फोटो र कम्तीमा एक मिनेटसम्मको भिडियो क्लिप समावेश गर्न सकिनेछ ।

(५) कृषि, पशुपन्छी तथा जडिबुटी बीमा क्षति मूल्याङ्कनकर्ताले आफूलाई क्षति मूल्याङ्कन गर्न खटाएको पन्ध्र दिन भित्र भौतिक वा विद्युतीय स्वरूपमा क्षति मूल्याङ्कन प्रतिवेदन तयार गरी बीमक समक्ष पेश गर्नु पर्नेछ ।

(६) क्षति मूल्याङ्कनकर्ताले गलत मूल्याङ्कन गरेको वा यस निर्देशिकाको वर्खिलाप हुने गरी कुनै कार्य गरेको पाइएको खण्डमा बीमकले समितिको स्वीकृतिमा पुनः अर्को मूल्याङ्कनकर्तालाई क्षति मूल्याङ्कनका लागि खटाउन सक्नेछ ।

(७) बीमक आफैंले क्षति मूल्याङ्कन गर्न सक्ने अवस्थामा समेत उपदफा (५) बमोजिमको अवधि भित्र क्षति मूल्याङ्कन गरी सक्नु पर्नेछ।

(८) क्षति मूल्याङ्कनकर्ताले क्षति मूल्याङ्कन प्रतिवेदन पेश गरेको पैंतीस दिन भित्र बीमकले दायित्व एकिन ठहर गरी बीमितलाई दावी भुक्तानी गर्नु पर्नेछ र बीमितले दावी बापत रकम नपाउने रहेछ भने कारण सहित लिखित बीमितलाई जानकारी दिनु पर्नेछ।

(९) उपदफा (८) बमोजिम बीमकले दावी भुक्तानी गर्दा घटना घटेको समयमा भएको वास्तविक क्षति वा बीमाङ्क रकम जुन कम हुन्छ सो बराबरको रकम मात्र दावी भुक्तानी गर्नु पर्नेछ।

(१०) बीमकले दावी निवेदन अस्वीकार गरेमा, दावी भुक्तानी नदिएमा वा मर्का पर्ने गरी दावी बापतको दायित्व निर्धारण गरेमा बीमा समितिमा उजुरी गर्न सकिनेछ।

३८. **महाविपत्ति सम्बन्धी व्यवस्थाः** (१) यस निर्देशिका बमोजिम दावी भुक्तानी गर्ने समय सीमा र कार्यविधि नेपाल सरकारले महाविपत्ति घोषणा गरेको क्षेत्रमा लागू हुने छैन।

(२) महाविपत्ति घोषणा भएको क्षेत्रमा महाविपत्ति घोषणा अवधिभर समितिले दावी भुक्तानी सम्बन्धी संक्षिप्त कार्यविधि बनाई लागू गर्न सक्नेछ।

३९. **कावु बाहिरको परिस्थितिः** (१) कावु बाहिरको परिस्थिति परी वा दफा ३८ बमोजिम महाविपत्ति घोषणा भई तोकिएको समय भित्र बीमकले क्षति मूल्याङ्कनकर्ता खटाउन तथा क्षति मूल्याङ्कनकर्ताले क्षति मूल्याङ्कन प्रतिवेदन बीमक समक्ष पेश गर्न नसकेमा यथासम्भव छिटो उक्त कार्य गर्ने गरी बीमक र बीमितको समझदारीमा समय सीमा तय गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको परिस्थितिमा बीमक र बीमितले आपसी समझदारीमा समय सीमा तय गरी समितिमा जानकारी गराउनु पर्नेछ।

## परिच्छेद –६
## तालिम

४०. **विभाग स्थापना गर्नुपर्नेः** (१) बीमकले कृषि, पशुपन्छी तथा जडिबुटी बीमा विभाग स्थापना गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको विभागमा आवश्यकता अनुसार कृषि, पशुपन्छी तथा जडिबुटी बीमा सम्बन्धी अध्ययन गरेका प्राबिधिक कर्मचारीको व्यवस्था गर्नु पर्नेछ।

(३) बीमकले आफ्नो कार्यक्षेत्रको रूपमा तोकिएको जिल्लामा आफ्नो शाखा कार्यालय खोली आवश्यकता अनुसार प्राविधिक कर्मचारीको व्यवस्था गर्नु पर्नेछ।

४१. **तालिमः** (१) बीमकले आफूलाई तोकिएको जिल्लाका लागि प्रत्येक बर्ष कम्तीमा एक पटक नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह तथा समितिसंग समन्वय गरी कृषि प्राविधिक तथा क्षति

मूल्याङ्कनकर्ताका लागि अलग अलग कृषि, पशुपन्छी तथा जडिबुटी बीमा सम्बन्धी तालिम सञ्चालन गर्नु पर्नेछ।

(२) बीमकले कृषि, पशुपन्छी तथा जडिबुटी बीमा विभागमा नियुक्त कर्मचारीलाई कृषि तथा पशुपन्छी बीमा सम्बन्धी तालिम उपलब्ध गराउनु पर्नेछ।

(३) समितिको ब्यानरमा कुनै पनि निकाय वा संस्थाले कृषि, पशुपन्छी तथा जडिबुटी बीमा अभिकर्ता तथा कृषि, पशुपन्छी तथा जडिबुटी बीमा क्षति मूल्याङ्कनकर्ताको तालिम संञ्चालन गर्न चाहेमा वा समितिले सञ्चालन गर्ने तालिममा संयोजन तथा सहकार्य गर्न चाहेमा त्यस्तो निकाय वा संस्थाले देहायका विवरणहरु समेत खुलाई तालिम सञ्चालन गर्नु अघि समितिबाट स्वीकृति लिनु पर्नेछः

(क) तालिमको औचित्य
(ख) तालिमको कार्ययोजना र कार्यतालिका
(ग) तालिममा सहकार्य गर्ने संस्थाको नाम, ठेगाना र सम्पर्क
(घ) तालिममा सहभागी हुने व्यक्तिहरुको संख्या तथा योग्यता
(ङ) तालिमका प्रशिक्षकको नाम, योग्यता र अनुभव
(च) तालिमका प्रशिक्षक रोष्टरमा भएको प्रमाण
(छ) तालिम सञ्चालन हुने स्थान र मिति

(४) कृषि, पशुपन्छी तथा जडिबुटी बीमा अभिकर्ता तथा क्षति मूल्याङ्कनकर्ताको तालिम सञ्चालन गरे पश्चात देहायका बिवरणहरू तालिमको आयोजकले सुरक्षित रूपमा राख्नु पर्नेछः

(क) तालिम सञ्चालन गर्न गरिएको निर्णय र तालिम सञ्चालन मिति, स्थान र अवधि
(ख) तालिम संयोजकको बिवरण
(ग) तालिमका लागि प्रशिक्षार्थीको निवेदन, योग्यता पुगेको कागजात तथा हाजिरीको विवरण
(घ) तालिम प्रमाणपत्रको प्रतिलिपि

४२. **सूची तयार गरिनेः** कृषि, पशुपन्छी तथा जडिबुटी बीमा अभिकर्ता तथा कृषि, पशुपन्छी तथा जडिबुटी बीमा क्षति मूल्याङ्कनकर्ताको तालिमको प्रशिक्षकको लागि समितिले सूची तयार गरी समय समयमा अद्यावधिक गर्नेछ।

४३. **तालिमको कार्यविधिः** कृषि, पशुपन्छी तथा जडिबुटी बीमा सम्बन्धी तालिमको अन्य कार्यविधि आयोजकले निर्धारण गरे बमोजिम हुनेछ।

परिच्छेद-७

## विविध

४४. **न्यूनतम क्षेत्रफल:** (१) प्रत्येक बीमितले सुरक्षण गर्न पाउने बालीको न्यूनतम क्षेत्रफल बीमालेखमा उल्लेख भएकोमा सोही बमोजिम र अन्यको हकमा पहाडमा चार आना र तराईमा आधा कठ्ठा हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बीमा गरिने सम्पत्ति भएको जग्गाको कित्ता नं. र कित्ता नं. नभएको जग्गा वा एलानी जग्गा भएमा उक्त जग्गाको अवस्थिति यकिन हुने चार किल्ला वा एलानी जग्गा जनाउने स्थानीय तहले दिएको संकेत नं. लगायतका प्रमाण लिनु पर्नेछ।

४५. **बीमालेखको नामसारी:** (१) बीमितले बीमा गरिएको वस्तुको स्वामित्व हस्तान्तरण भएको मितिले ३० दिन भित्र बीमकलाई जानकारी गराएमा बीमालेख स्वामित्व ग्रहण गर्ने व्यक्तिको नाममा स्वतः नामसारी हुनेछ।

(२) बीमा गरिएको वस्तुको स्वामित्व हस्तान्तरण भएको खण्डमा बीमकले सो कुराको जानकारी प्राप्त भएको पन्ध्र दिन भित्र स्वामित्व ग्रहण गर्ने व्यक्तिको नाममा निःशुल्क बीमालेखको नामसारी गरी दिनु पर्नेछ।

४६. **म्यानुअल बनाउन सक्ने:** बीमकले यस निर्देशिकाको अधीनमा रही कृषि, पशुपन्छी तथा जडिबुटी बीमा सम्बन्धी म्यानुअल तयार गरी लागू गर्नु पर्नेछ।

४७. **सफ्टवेयर सम्बन्धी ब्यवस्था:** (१) यस निर्देशिका अन्तर्गत जारी गरिने बीमालेखको लागि कम्तिमा देहाय बमोजिमको सुविधा उपलब्ध हुनेगरी यो निर्देशिका जारी भएको एक बर्षभित्र सफ्टवेयरको ब्यवस्था गर्नुपर्नेछः

(क) अनलाइनबाट बीमालेख प्रस्ताव फाराम भर्ने ब्यवस्था।

(ख) अनलाइनबाट बीमालेख जारी गर्ने ब्यवस्था।

(ग) वेभसाइटमा बीमालेख राख्ने ब्यवस्था।

(घ) बीमितले अनलाइन, इमेल तथा मोवाइलबाट आफ्नो बीमालेखको अवस्थाको विस्तृत जानकारी पाउने ब्यवस्था।

(ङ) बीमालेखमा संलग्न सवै कागजी अभिलेखहरू इलेक्ट्रोनिक अभिलेखमा समेत रहने ब्यवस्था।

(च) बीमालेखको म्याद सकिन लागेको भएमा अनलाइन, ईमेल तथा मोवाइलबाट सोको जानकारी गराउने ब्यवस्था।

(छ) मासिक रूपमा तोकिए बमोजिमको विवरण अनलाइनको माध्यमबाट समितिमा पठाउने ब्यवस्था।

४८. **विवरण पठाउनु पर्ने:** (१) बीमकले कृषि, पशुपन्छी तथा जडिबुटी बीमा व्यवसायको बीमाशुल्क संकलन, बीमा दावी तथा अनुदान सम्बन्धी मासिक तथा बार्षिक विवरण अवधि समाप्त भएको सात दिन भित्र समितिले निर्धारण गरे बमोजिमको ढाँचामा समितिमा पठाउनु पर्नेछ ।

(२) समितिले आवश्यक ठानेमा कुनै बीमकबाट कृषि, पशुपन्छी तथा जडिबुटी बीमा सम्बन्धी अन्य आवश्यक सूचना, कागजात तथा विवरण माग गर्न सक्नेछ।

४९. **अनुगमन:** (१) बीमकले गरेको कृषि, पशुपन्छी तथा जडिबुटी बीमा व्यवसाय सम्बन्धमा समितिले आवश्यकता अनुसार अनुगमन गर्नेछ।

(२) बीमकले आफूले बिक्री गरेको कृषि, पशुपन्छी तथा जडिबुटी बीमालेख सम्बन्धमा बीमितको समय समयमा अनुगमन गरी सोको अभिलेख राख्नु पर्नेछ।

५०. **अभिलेख सुरक्षित राख्नु पर्ने:** बीमकले बीमालेख जारी गर्दा वा बीमा दाबी फछर्यौट गर्दा आवश्यक सम्पूर्ण विवरण तथा कागजात, फोटो तथा भिडियो आदि सुरक्षित रूपमा अभिलेख गरी राख्नु पर्नेछ।

५१. **निर्देशन दिन सक्ने:** (१) समितिले कृषि, पशुपन्छी तथा जडिबुटी बीमाको दावी भुक्तानीका सम्बन्धमा बीमकलाई आवश्यकतानुसार निर्देशन दिन सक्नेछ।

(२) यस निर्देशिकाको पालना गर्नु प्रत्येक निर्जीवन बीमकको कर्तव्य हुनेछ।

५२. **नयाँ बीमालेख जारी गर्ने सक्ने: (१)** समितिले माग भई आएका वा आवश्यक ठानिएका कृषि, पशुपन्छी तथा जडिबुटी सम्बन्धी बीमालेख तयार गरी जारी गर्न सक्नेछ।

५३. **व्याख्या गर्ने अधिकार**: यस निर्देशिकाको व्याख्या गर्ने अधिकार समितिलाई हुनेछ।

५४. **खारेजी र बचाऊ:** (१) कृषि तथा पशुपन्छी बीमा निर्देशिका, २०७७ खारेज गरिएको छ।

(२) कृषि तथा पशुपन्छी बीमा निर्देशिका, २०७७ बमोजिम भए गरेका सम्पूर्ण कार्यहरू यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची-१

(दफा ३(२) सँग सम्बन्धित)

## कृषि, पशुपन्छी तथा जडिबुटी बीमाको लागि बीमकको लागि तोकिएको जिल्ला

### जिल्ला विभाजनका मुख्य आधारहरू:

(क) भौगोलिक आधार (यथासम्भव बीमकहरूको हिमाली क्षेत्र, पहाडी क्षेत्र र तराई गरी तीनै क्षेत्रमा उपस्थिति)

(ख) आर्थिक आधार (मुख्य आर्थिक केन्द्रहरू सकेसम्म फरक फरक बीमकमा विभाजन)

| प्रदेश नं. | हिमाली तथा उच्च पहाडी भेग | | पहाडी क्षेत्र | | तराई मधेस क्षेत्र | |
|---|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ | नेको ई.लि. | पाँचथर | नेको ई.लि. | झापा | नेको ई.लि. |
| | संखुवासभा | लुम्बिनी जनरल ई.कं.लि. | तह्रथुम | दि ओरिएण्टल ई.कं.लि. | मोरङ | सानिमा जनरल ई.कं.लि. |
| | सोलुखुम्वु | आइएमइ जनरल ई.कं.लि. | धनकुटा | दि ओरिएण्टल ई.कं.लि. | सुनसरी | दि ओरिएण्टल ई.कं.लि. |
| | - | | भोजपुर | लुम्बिनी जनरल ई.कं.लि. | - | |
| | - | | खोटाङ | लुम्बिनी जनरल ई.कं.लि. | - | |
| | - | | ओखलढुंगा | आइएमइ जनरल ई.कं.लि. | - | |
| | - | | इलाम | नेको ई.लि. | - | |
| | - | | उदयपुर | लुम्बिनी जनरल ई.कं.लि. | - | |
| २ | - | | - | | सप्तरी | दि ओरिएण्टल ई.कं.लि. |
| | - | | - | | सिराहा | जनरल ई.कं.(नेपाल) लि. |
| | - | | - | | धनुषा | आइएमइ जनरल ई.कं.लि. |
| | - | | - | | महोत्तरी | आइएमइ जनरल ई.कं.लि. |
| | - | | - | | सर्लाही | प्रिमियर ई.कं.(नेपाल) लि. |
| | - | | - | | रौतहट | अजोड ई.कं.लि. |
| | - | | - | | बारा | हिमालयन जनरल ई. कं. लि. |
| | - | | - | | पर्सा | जनरल ई.कं.(नेपाल) लि. |
| बागमती | दोलखा | प्रिमियर ई.कं.(नेपाल) लि. | रामेछाप | प्रिमियर ई.कं.(नेपाल) लि. | चितवन | शिखर ई.कं.लि. |
| | सिन्धुपाल्चोक | हिमालयन जनरल ई. कं. लि. | सिन्धुली | प्रिमियर ई.कं.(नेपाल) लि. | - | |
| | रसुवा | जनरल ई.कं.(नेपाल) लि. | काभ्रेपलान्चोक | हिमालयन जनरल ई. कं. लि. | - | |
| | - | | काठमाण्डौं | राष्ट्रिय बीमा कम्पनी लि. | - | |
| | - | | भक्तपुर | सानिमा जनरल इन्स्योरेन्स क. लि. | - | |
| | - | | ललितपुर | हिमालयन जनरल ई. कं. लि. | - | |
| | - | | नुवाकोट | शिखर ई.कं.लि. | - | |
| | - | | धादिङ | शिखर ई.कं.लि. | - | |
| | - | | मकवानपुर | शिखर ई.कं.लि. | - | |
| | - | | | | - | |

| प्रदेश नं. | हिमाली तथा उच्च पहाडी भेग | | पहाडी क्षेत्र | | तराई मधेस क्षेत्र | |
|---|---|---|---|---|---|---|
| गण्डकी प्रदेश | गोर्खा | प्रुडेन्सियल ई.कं.लि. | तनहुँ. | प्रुडेन्सियल ई.कं.लि. | नवलपुर | सानिमा जनरल ई.कं.लि. |
| | मनाङ | सिद्धार्थ ई.लि. | कास्की | सिद्धार्थ ई.लि. | - | |
| | मुस्ताङ | प्रभु ई.लि. | लमजुङ | प्रुडेन्सियल ई.कं.लि. | - | |
| | - | | पर्वत | अजोड ई.कं.लि. | - | |
| | - | | स्याङ्जा | प्रभु ई.लि. | - | |
| | - | | बागलुङ | प्रभु ई.लि. | - | |
| | | | म्याग्दी | प्रभु ई.लि. | | |
| लुम्बिनी प्रदेश | - | | पाल्पा | सिद्धार्थ ई.लि. | नवलपरासी | प्रुडेन्सियल ई.कं.लि. |
| | - | | गुल्मी | अजोड ई.कं.लि. | रूपन्देही | सिद्धार्थ ई.लि. |
| | - | | अर्घाखाँची | नेशनल ई.कं.लि. | कपिलवस्तु | सानिमा जनरल ई.कं.लि. |
| | - | | प्युठान | नेशनल ई.कं.लि. | दाङ | नेशनल ई.कं.लि. |
| | - | | पूर्वी रूकुम | अजोड ई.कं.लि. | बाँके | एनएलजी ई.कं.लि. |
| | - | | रोल्पा | नेशनल ई.कं.लि. | बर्दिया | एभरेष्ट ई.कं.लि. |
| कर्णाली प्रदेश | डोल्पा | एनएलजी ई.कं.लि. | पश्चिम रुकुम | एनएलजी ई.कं.लि. | - | |
| | मुग | सगरमाथा ई.कं.लि. | जाजरकोट | सगरमाथा ई.कं.लि. | - | |
| | हुम्ला | युनाइटेड ई.कं. (नेपाल) लि. | जुम्ला | सगरमाथा ई.कं.लि. | - | |
| | - | | कालीकोट | एभरेष्ट ई.कं.लि. | - | |
| | - | | दैलेख | एभरेष्ट ई.कं.लि. | - | |
| | - | | सल्यान | एनएलजी ई.कं.लि. | - | |
| | - | | सुर्खेत | एभरेष्ट ई.कं.लि. | - | |
| सुदूरपश्चिम प्रदेश | बझाङ | राष्ट्रिय बीमा कं. लि. | अछाम | युनाइटेड ई.कं. (नेपाल) लि. | कैलाली | राष्ट्रिय बीमा कं. लि. |
| | बाजुरा | युनाइटेड ई.कं. (नेपाल) लि. | डोटी | राष्ट्रिय बीमा कं. लि. | कन्चनपुर | नेपाल ई.कं.लि. |
| | दार्चुला | नेपाल ई.कं.लि. | बैतडी | नेपाल ई.कं.लि. | - | |
| | - | | डडेलधुरा | नेपाल ई.कं.लि. | - | |

## अनुसूची-२

(दफा ४(२) सँग सम्बन्धित)

## कृषि, पशुपन्छी तथा जडिबुटि बीमाको किसिम र प्रकार

| क्र.सं. | कृषि | पशुपन्छी | जडिबुटी |
|---|---|---|---|
| (क) | अन्नबाली | गाइभैंसी | रूख वर्ग |
| (ख) | दलहन | भेडाबाख्रा | झाडी वा बुट्यान वर्ग |
| (ग) | तेलहन | घोडा वर्ग | झार वर्ग |
| (घ) | तरकारी | सुंगुर वर्ग | |
| (ङ) | च्याऊ | घरपालुवा जनावर | |
| (च) | फलफूल | पन्छी | |
| (छ) | सुख्खा फल (नट वर्ग) | माछा | |
| (ज) | कन्दमूल | किरा | |
| (झ) | चिनीजन्य बाली | अन्य पशुपन्छी | |
| (क) | पेय | | |
| (ट) | मसला | | |
| (ठ) | फूल | | |
| (ड) | घाँसेबाली | | |
| (ढ) | किरा (वनस्पति वर्गमा राखिने किरा बर्ग) | | |
| (ण) | खाद्यान्न | | |
| (त) | अन्य वनस्पति | | |

**अनुसूची-३**

(दफा २१(१०) सँग सम्बन्धित)

**प्राविधिकको रूपमा नियुक्त हुने व्यक्ति वा संस्थाद्वारा लिइने गोपनियता तथा सपथको ढाँचा**

मितिः… … … … … … … …

म… … … … … …सत्य निष्ठा पूर्वक प्रतिज्ञा गर्छु कि, कृषि, पशुपन्छी तथा जडिबुटी बीमा निर्देशिका, २०७९ बमोजिम जारी गरिएको ................बीमालेख अन्तर्गत बीमितको बीमा गरिने वस्तु, वा विषय वस्तुको प्राविधिक जाँच सिफारिस गर्दा सत्य, तथ्य र पक्षपात रहित ढंगले प्रचलित अन्य कानून प्रति निष्ठावान रही कसैको डर, त्रास, मोलाहिजा, पक्षपात, राग, द्वेष वा लोभ लालचमा नपरी इमानदारीका साथ प्राविधिक जाँच गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलिसलामा आफूलाई ज्ञात हुन आएको कुरा सत्य, तथ्य र पक्षपात रहित ढंगले उल्लेख गर्ने प्रतिज्ञा गर्दछु।

**प्राविधिक जाँच सिफारिस गर्नेको**(व्यक्ति वा संस्था)

नामः ..............

दस्तखतः ..............

संस्थाको हकमा प्यान नं. ..............

संस्थाको छाप ..............

| दाँया | बाँया |
|---|---|
| | |

## अनुसूची-४

(दफा २४(१) सँग सम्बन्धित)

**कृषि, पशुपन्छी तथा जडिबुटी बीमा अभिकर्ताको तालिमको पाठ्यक्रम**

| क्र.सं. | |
|---|---|
| १. | **पूर्व परीक्षा (प्रि-टेष्ट)** |
| २. | **जोखिम र जोखिम व्यवस्थापन**<br>• जोखिमको परिचय, जोखिमको प्रकार,<br>• जोखिम र बीमाको सम्बन्ध, जोखिम व्यवस्थापन |
| ३. | **बीमा**<br>• बीमाको परिचय, बीमाको महत्व, बीमाको प्रकार<br>• जीवन बीमा व्यवसाय, निर्जीवन बीमा व्यवसाय, पुनर्बीमा व्यवसाय<br>• कृषि, पशुपन्छी तथा जडिबुटी बीमा व्यवसाय |
| ४. | **बीमाका आधारभूत सिद्धान्तहरू**<br>• परम सद्विश्वासको सिद्धान्त<br>• बीमायोग्य हितको सिद्धान्त<br>• क्षतिपूर्तिको सिद्धान्त<br>• योगदानको सिद्धान्त<br>• प्रत्यासनको सिद्धान्त<br>• निकटतम कारणको सिद्धान्त |
| ५. | **बीमा सम्बन्धी कानूनी व्यवस्था**<br>• बीमा ऐन, बीमा नियमावली,<br>• बीमा समिति, बीमा कम्पनी (बीमक)<br>• कृषि, पशुपन्छी तथा जडिबुटी बीमा निर्देशिका, २०७९<br>• बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७०<br>• कृषि, पशुपन्छी तथा जडिबुटी बीमा अभिकर्ताको आचार संहिता<br>• बीमा अभिकर्ता सम्बन्धी कानूनी व्यवस्था |
| ६. | **कृषि, पशुपन्छी तथा जडिबुटी बीमालेख**<br>• कृषि सम्बन्धी बीमालेखको अध्यापन (अभ्यास सहित कम्तीमा पाँच वटा)<br>• पशुपन्छी सम्बन्धी बीमालेखको अभ्यास (अभ्यास सहित कम्तीमा पाँच वटा)<br>• जडिबुटी सम्बन्धी बीमालेख अभ्यास (अभ्यास सहित कम्तीमा दुई वटा) |
| ७. | **मूल्याङ्कन परीक्षा (पोष्ट-टेष्ट)** |

## अनुसूची-५

(दफा २४(३) सँग सम्बन्धित)

**कृषि, पशुपन्छी तथा जडिबुटी बीमा अभिकर्ताको गोपनियता तथा सपथको ढाँचा**

मितिः... ... ... ... ... ... ... ...

म... ... ... ... ... ...सत्य निष्ठा पूर्वक प्रतिज्ञा गर्छु कि, कृषि, पशुपन्छी तथा जडिबुटी बीमा निर्देशिका, २०७९ बमोजिम जारी गरिएको ................बीमालेख अन्तर्गत बीमितको बीमा गरिने वस्तु, वा विषय वस्तु बीमा गराउन योग्य रहेको कुरा इमानदारीका साथ व्यक्त गर्दछु र आफ्नो कर्तव्य पालनाको सिलिसलामा आफूलाई ज्ञात हुन आएको कुरा सत्य, तथ्य र पक्षपात रहित रहेको कुरा प्रतिज्ञा गर्दछु ।

**अभिकर्ताको रूपमा कार्य गर्ने**

(व्यक्ति वा संस्था)

नामः

दस्तखतः ..............

संस्थाको हकमा प्यान नं. ..............

संस्थाको छाप ..............

| दाँया | बाँया |
|---|---|
| | |

## अनुसूची-६

(दफा २५ सँग सम्बन्धित)

## कृषि तथा पशुपन्छी बीमा अभिकर्ताको आचार संहिता

### (१) कृषि तथा पशुपन्छी बीमा अभिकर्ताले पालना गर्नुपर्ने कुराहरुः -

(क) कृषि, पशुपन्छी तथा जडिबुटी बीमा अभिकर्ताले कृषि, पशुपन्छी तथा जडिबुटी बीमा सम्बन्धी कार्य मात्र गर्नु पर्नेछ ।

(ख) कृषि, पशुपन्छी तथा जडिबुटी बीमा अभिकर्ताले बीमा समितिबाट प्राप्त बीमाको किसिम (कृषि, पशुपन्छी तथा जडिबुटी बीमा) समेत खुलेको बीमा अभिकर्ताको इजाजत पत्र सँधै साथमा राख्नु पर्नेछ र ग्राहकले चाहेमा त्यस्तो इजाजतपत्र देखाउनु पर्ने ।

(ग) बीमितले आफू अभिकर्ता भएको बीमकको बारेमा जानकारी माग गरेको खण्डमा पूँजीगत संरचना, लगानी नीति, आर्थिक स्थिति आदिको बारेमा यथार्थ जानकारी गराउनु पर्ने ।

(घ) बीमितलाई प्रस्ताव फाराममा खुलाउनु पर्ने सम्पूर्ण विवरणहरु खुलाउन लगाई त्यससंग सम्बन्धित कागजात बीमितबाट प्राप्त गरी बीमक समक्ष पेश गर्नु पर्ने ।

(ङ) कृषि, पशुपन्छी तथा जडिबुटी बीमाको लागि आवश्यक पर्ने प्रस्तावकले भर्नुपर्ने फारामहरु प्रस्तावकहरु स्वयंबाटै भराउनु पर्नेछ र यदि प्रस्तावक निरक्षर वा असमर्थ भए प्रस्तावकले विश्वास गरेको व्यक्तिबाट त्यस्ता फारामहरु भराउनु पर्ने ।

(च) बीमितलाई बीमालेखमा उल्लेखित सम्पूर्ण शर्त एवं सुविधा बारे पूर्ण रूपमा जानकारी गराउनुपर्ने ।

(छ) बीमितको पेशा, सामाजिक हैसियत र स्तर बारे बीमकलाई छुट्टै जानकारी दिनुपर्ने ।

(ज) आवश्यकतानुसार बीमकलाई अण्डरराइटिङ्ग कार्यका लागि आवश्यक पर्ने थप विवरण उपलब्ध गराउनुपर्ने ।

(झ) बीमितले अनुरोध गरेमा निर्दिष्ट समयमा बीमा शुल्क बुझाउने र बीमा अवधि समाप्त भएमा पुनः बीमा गर्न सहयोग गर्नु पर्ने ।

(ञ) बीमामा दाबी परेमा दाबी भुक्तानी सम्बन्धमा बीमितलाई सहयोग गरी समन्वयकारी भूमिका निर्वाह गर्नु पर्ने ।

### (२) कृषि, पशुपन्छी तथा जडिबुटी बीमा अभिकर्ताले गर्न नहुने कुराहरुः–

(क) कृषि, पशुपन्छी तथा जडिबुटी बीमा अभिकर्ताको इजाजतपत्र प्राप्त नगरी वा इजाजतपत्र नवीकरण नगरी बीमालेख विक्रि गर्न ।

(ख) बीमितबारे आफूले थाहा पाएको कुनै पनि बीमासंग सम्बन्धित आवश्यक विवरणहरु सम्बन्धित बीमकलाई नबताई लुकाउन ।

(ग) बीमित बारेको आफुलाई जानकारी भएको विवरणहरु सम्बन्धित बीमक बाहेकका व्यक्ति वा संस्था सामु प्रकट गर्न ।

(घ) बीमित प्रति दुर्व्यवहार गर्न ।

(ङ) बीमितलाई अनावश्यक करकाप गर्न ।

(च) बीमितलाई प्रलोभनमा पार्न आफूले प्राप्त गर्ने कमिशनको कुनै पनि अंश दिन वा दिन्छु भनी कबोल गर्न ।

(छ) अस्वस्थ प्रतिस्पर्धा गरी अन्य बीमा अभिकर्ताको व्यवसायमा अनावश्यक दखल पुर्याउन ।

(ज) बीमालेख वापत प्राप्त हुने रकमको कुनै पनि अंश बीमित वा बीमितको हकवालाबाट लिन ।

(झ) कृषि, पशुपन्छी तथा जडिबुटी बीमा अभिकर्ता (सँस्थागत कृषि, पशुपन्छी तथा जडिबुटी बीमा अभिकर्ताको कार्यकारी प्रमुख बाहेक) ले कुनै पनि बीमकको तलबी कर्मचारी भई काम गर्न ।

(ञ) आफू अभिकर्ता भएको बीमकको सँस्थापक, सञ्चालक हुन वा एक प्रतिशत भन्दा बढी शेयर धारण गर्न

(ट) आफू, आफ्नो एकाघर परिवार वा नजिकको नातेदारको बीमा गराउन

(ठ) आफू अभिकर्ता नभएको कुनै पनि बीमकको बारेमा गलत प्रचार प्रसार गर्न ।

(ड) आफ्नो पेशागत व्यवसाय संचालन गर्दा अन्य प्रचलित कानून उल्लघंन गरी व्यवसाय गर्न ।

# अनुसूची-७

(दफा २८(३) सँग सम्बन्धित)

## कृषि, पशुपन्छी तथा जडिबुटी बीमा क्षति मूल्याङ्कनकर्ताको गोपनियता तथा सपथको ढाँचा

मितिः... ... ... ... ... ... ... ...

म... ... ... ... ... ...सत्य निष्ठा पूर्वक प्रतिज्ञा गर्छु कि, कृषि, पशुपन्छी तथा जडिबुटी बीमा निर्देशिका, २०७९ बमोजिम जारी गरिएको ................बीमालेख अन्तर्गत बीमितको बीमा गरिएको वस्तु, वा विषय वस्तुमा भएको क्षतिको मूल्याङ्कन गर्दा सत्य, तथ्य र पक्षपात रहित ढंगले प्रचलित अन्य कानून प्रति निष्ठावान रही कसैको डर, त्रास, मोलाहिजा, पक्षपात, राग, द्वेष वा लोभ लालचमा नपरी इमानदारीका साथ क्षतिको मूल्याङ्कन गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलिसलामा आफूलाई ज्ञात हुन आएको कुरा सत्य, तथ्य र पक्षपात रहित ढंगले उल्लेख गर्ने प्रतिज्ञा गर्दछु।

**क्षति मूल्याङ्कन गर्ने** (व्यक्ति वा संस्था) को

नामः ..............

दस्तखतः ..............

संस्थाको हकमा प्यान नं. ..............

संस्थाको छाप ..............

| दाँया | बाँया |
|---|---|
| | |

## अनुसूची-८

(दफा २९(१ग) सँग सम्बन्धित)

## क्षति मूल्याङ्कनकर्ताको तालिमको पाठ्यक्रम

| क्र.सं. | |
|---|---|
| ८. | **पूर्व परीक्षा (प्रि-टेष्ट)** |
| ९. | **जोखिम र बीमा**<br>• जोखिमको परिचय, जोखिमको प्रकार, जोखिम र बीमाको सम्बन्ध, जोखिम व्यवस्थापन<br>• बीमाको परिचय, बीमाको महत्व, बीमाको प्रकार<br>• जीवन बीमा व्यवसाय, निर्जीवन बीमा व्यवसाय, पुनर्बीमा व्यवसाय |
| १०. | **बीमा बीमाका आधारभूत सिद्धान्त**<br>• परम सद्विश्वासको सिद्धान्त,<br>• बीमायोग्य हितको सिद्धान्त,<br>• क्षतिपूर्तिको सिद्धान्त,<br>• योगदानको सिद्धान्त, प्रत्यासनको सिद्धान्त र निकटतम कारणको सिद्धान्त |
| ११. | **बीमा सम्बन्धी कानूनी व्यवस्था**<br>• बीमा ऐन, बीमा नियमावली,<br>• बीमा समिति, बीमा कम्पनी (बीमक)<br>• कृषि, पशुपन्छी तथा जडिबुटी बीमा निर्देशिका, २०७९<br>• क्षति मूल्याङ्कनकर्ताको आचार संहिता<br>• बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने सम्बन्धी निर्देशिका, २०७० |
| १२. | **कृषि तथा पशुपन्छी बीमालेख**<br>• कृषि बीमाको अध्यापन (कम्तीमा पाँच वटा)<br>• पशुपन्छी बीमाको अभ्यास (कम्तीमा पाँच वटा)<br>• जडिबुटी बीमाको अभ्यास (कम्तीमा दुई वटा) |
| १३. | **कृषि, पशुपन्छी तथा जडिबुटी बीमा क्षति मूल्याङ्कन**<br>• बीमा र क्षतिपूर्ति<br>• क्षति मूल्याङ्कनको अवधारणा<br>• क्षति मूल्याङ्कनको तरिका<br>• क्षति मूल्याङ्कनमा आइपर्ने समस्या तथा समाधानका उपाय |
| १४. | **कृषि, पशुपन्छी तथा जडिबुटी बीमा क्षति मूल्याङ्कन प्रतिवेदन**<br>• क्षति मूल्याङ्कन प्रतिवेदनमा समेट्नु पर्ने<br>• क्षति मूल्याङ्कन प्रतिवेदन र सूचना प्रविधि<br>• क्षति मूल्याङ्कन प्रतिवेदनको ढाँचा<br>• क्षति मूल्याङ्कन प्रतिवेदनको कार्यान्वयन |
| १५. | **मूल्याङ्कन परीक्षा (पोष्ट-टेष्ट)** |

## अनुसूची-९

(दफा ३२ सँग सम्बन्धित)

## क्षति मूल्याङ्कनकर्ताको आचार संहिता

### (१) क्षति मूल्याङ्कनकर्ताले पालना गर्नुपर्ने कुराहरुः–

(क) बीमा ऐन, २०४९ तथा सो अन्तर्गतको नियमावली तथा आदेश, निर्देशनको अधिनमा रही कार्य गर्नु पर्ने ।

(ख) पेशासंग सम्बन्धित सूचना तथा प्रविधिको पूर्ण ज्ञान हासिल गरेको हुनु पर्ने ।

(ग) आफ्नो पेशागत नैतिकता तथा इमान्दारिता कायम गरी कार्य गर्नु पर्ने ।

(घ) व्यवसायिक तथा प्राविधिक सीपको प्रयोग गरी क्षतिको मूल्याङ्कन गर्नु पर्ने ।

(ङ) आफू क्षति मूल्याङ्कन गर्न नियुक्त भएको जानकारी सम्बन्धित पक्षलाई दिनु पर्ने ।

(च) बीमितलाई क्षति कम गर्ने उपाय र तरिकाको सम्भव भएसम्म जानकारी दिनु पर्ने ।

(छ) क्षति मूल्याङ्कनको सिलसिलामा कुनै विवाद उत्पन्न भएमा तत्कालै सम्बन्धित सबै पक्षलाई जानकारी दिनु पर्ने ।

(ज) घटना र वस्तुस्थिति बारे सत्य तथ्यमा आधारित मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(झ) क्षति मूल्याङ्कनको सिलसिलामा आवश्यकतानुसार सम्बन्धित बीमकलाई मान्य हुने पेशागत विशेषज्ञको राय लिनु सकिने ।

(ञ) क्षति मूल्याङ्कन प्रतिवेदन बीमक समक्ष पेश गरेको सारांश बीमितलाई दिनु पर्ने ।

(ट) क्षतिसंग सम्बन्धित सम्पूर्ण आवश्यक विवरणहरु खुलाउन लगाई त्यससंग सम्बन्धित कागजात बीमितबाट लिइ प्रतिवेदनका साथ बीमक समक्ष पेश गर्नु पर्ने ।

(ठ) आफूले गरेको कामको लगत अद्यावधिक गरी राख्नु पर्ने ।

(ड) बीमक समक्ष पेश गरेको प्रतिवेदन, सम्बन्धित कागजातहरु तथा तस्वीरहरुका प्रतिलिपी सामान्यतः एक वर्षसम्म सुरक्षितसाथ राख्नुका साथै बीमा समिति, सम्बन्धित बीमक तथा कानून बमोजिम पेश गर्नु पर्ने निकायले मागेको बखत उपलब्ध गराउनु पर्न ।

(ढ) विवादास्पद दावीको हकमा विवादको अन्तिम टुंगो नलागेसम्म उल्लिखित कागजात सुरक्षित राख्नु पर्नेछ ।

### (२) क्षति मूल्याङ्कनकर्ताले गर्न नहुने कुराहरुः–

(क) इजाजत पत्र नलिई वा इजाजतपत्र नवीकरण नगरी क्षति मूल्याङ्कनकर्ताको रुपमा कार्य गर्न ।

(ख) दावीसंग सम्बन्धित आफूले थाहा पाएको आवश्यक विवरणहरु सम्बन्धित बीमकलाई नबताई लुकाउन ।

(ग) बीमित बारेको आफुलाई जानकारी भएको विवरणहरु सम्बन्धित बीमक तथा कानून बमोजिम पेश गर्नु पर्ने निकाय, व्यक्ति वा संस्था बाहेक अन्य व्यक्ति वा संस्था सामु प्रकट गर्न ।

(घ) बीमित वा निजको प्रतिनिधि वा अन्य सम्बन्धित प्रति दुर्व्यवहार गर्न ।

(ङ) बीमितलाई अनावश्यक करकाप गर्न ।

(च) अस्वस्थ प्रतिस्पर्धा गरी अन्य क्षति मूल्याङ्कनकर्ताको व्यवसायमा अनावश्यक दखल पुर्याउन ।

(छ) दावी वापत प्राप्त हुने रकमको कुनै पनि अंश बीमित वा बीमितको हकवालाबाट लिन वा अन्य लाभ प्राप्त गर्न ।

(ज) कुनै पनि बीमकको संस्थापक, संचालक वा तलबी कर्मचारी भई काम गर्न वा कुनैपनि बीमकको एक प्रतिशत वा सो भन्दा बढी शेयर लिन ।

(झ) आफू, आफ्नो एकाघर परिवार तथा नजिकको नातेदारको क्षति मूल्याङ्कन गर्न ।

(ञ) कुनै पनि बीमकको बारेमा गलत प्रचार प्रसार गर्न ।

(ट) आफ्नो पेशागत कार्य गर्दा प्रचलित कानून उल्लघंन गर्न ।

## अनुसूची-१०

(दफा ३४ सँग सम्बन्धित)

## कृषि, पशुपन्छी तथा जडिबुटी बीमा सम्बन्धी कार्य गर्ने प्राविधिक, अभिकर्ता र क्षति मूल्याङ्कनकर्ताको सूची

| कृषि, पशुपन्छी तथा जडिबुटी बीमा प्राविधिक | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| नाम | ठेगाना | कार्यरत स्थान | सम्पर्क नं. | इमेल | योग्यता | | कैफियत |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| कृषि, पशुपन्छी तथा जडिबुटी बीमा अभिकर्ता | | | | | | | |
| नाम | ठेगाना | कार्यरत स्थान | सम्पर्क नं. | इमेल | योग्यता | अभिकर्ता कोड संकेत नं. (कोड) | कैफियत |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| कृषि, पशुपन्छी तथा जडिबुटी क्षति मूल्याङ्कनकर्ता | | | | | | | |
| नाम | ठेगाना | कार्यरत स्थान | सम्पर्क नं. | इमेल | योग्यता | तालिम प्रमाणपत्र नं. | कैफियत |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**समाप्त**